**सि आशा फाउण्डेशन द्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रको खोज रचनात्मक परिषद समुहले २०२२ जनवरी महिना बाट विद्यालयिय गतिविधिहरु बारे जानकारि दिने उद्देश्य अनुरुप मासिक भित्तेपात्रो प्रकाशन गर्ने तयारी स्वरुप यो पहिलो प्रयास स्वरुप प्रथम कोशेलि यहाँहरु माझ ल्याएका छौ ।**

## पृथ्वी जयन्ती




विक्रम सम्वत १७७९ पौष २७ गते जन्म लिनुभएको पिता नरभुपाल शाह र माता कौशल्यावति देवि का जेष्ठ पुत्र पृथ्वि नारायण शाह को जन्म जयन्ती अर्थात जन्म भएको दिन हर्षोल्लास का साथ हामि सारा नेपालिले मनाउनु पर्ने दिन । एतिहासिक पानामा सधै अजर र अमर भएको यिनै शाह वशिंय राजा बाईसे चौबिसे साना - साना राज्यलाई एकत्रित गरि एउटै माला बनाउने राष्ट्र निर्माता को रुपमा चिनिन्छन । नेपालमा आएको प्रजातन्त्र पछि राष्ट्रपिता पृथ्विनारायण शाहको जन्म जयन्ती मनाउने प्रचलन रहि आएको छ । पृथ्विनारायण शाह ले एकिकरण एकिकरणको क्रममा गरिएको सघर्षका कुरा सुन्दै र पढ्दै आएका छौ । नृपालको एकिकरण अभियान चलाउने यिनै विर पुरुषलाई किताबको पाना अनि निर्जिव यिनका शालिक माथि फुलमाला मात्र चढाएर कर्तव्य निर्वाह गरे झै शिर ठाडो पारि हिड्ने हामि नेपाली यिनकै कारणले सम्मानित छौ । भन्नेकुरा बुझ्न जरुरि छ । इतिहासको पाना पल्टाएर हेर्ने हो भने के साच्चै नै फुल माला चढाएर एकदिन जन्म जयन्ति मनाएर हाम्रो कर्तव्य पुरा होला त ? देश को विडम्वना भनौ या नियति ४ जात ३६ वर्णको फुलबारि भनेर नामाकरण गरिएको हाम्रो देश नेपाल राजनितिक पासो मा यसरि गाजियो कि फ्रि खण्डित हुने अभिप्रायले आफ्नो स्वार्थ पुर्तिका निम्ती खण्डन हुने अवस्था रहेको छ । **'घुस लिन्या र दिन्या '** भन्ने महान वाणिलाई सुनौलो अक्षरमा त लेखियो तर खै हामिले पालना गरेका छौ ? हामिले फेर्ने श्वास देखि लिएर पिउने पानि सम्म भ्रष्टाचार व्यापक छ भनेर भर्खरै गएको पहिलो रदोश्रो कोरोना कहरमा प्रष्ट सगँ देख्दै र भोग्दै आएका छौ । राजनितिक अराजकताले देशले केहि नयापन त पायो तर राष्ट्र निर्माण गरेको विर पुरुष लाई भुल्दै गयौ धन्य ति महान हस्ति जस्ले पृथ्वि जयन्ति मनाउनुपर्छ नेपाल एकिकरण राष्ट्र एकताका पिता लाई जिउदो गराउने कोशिस गरेका छन्, ति महान आत्मा प्रति सत-सत नमन किन भने हाम्रा भावि पुस्ताले पृथ्विनारायण शाह को हुन भनेर प्रश्न पनि नगर्लान भन्ने डर कता कता लागिरहेका छ, कम से कम हामिले त केहि उनको बारेमा खोज्ने शाहस त गऱ्यौ । अत : जतिसुकै राजनितिक अराजकता उथलपुथल नै आए पनि उनै राष्ट्र पितालाई मन मुटुमा सजाएर उन्के सिद्धान्तमा हिड्ने हो भने अझै विर गोर्खालिको देश भनेर कहलिएको सार्गक हुनेछ । त्यसैले आफ्नो ठाउँबाट सबैले साथमा साथ दिउ हरेकका घरमा विर गोर्खालिले जन्म लिउन उनै पृथ्वि नारायण शाह जस्ता ताकि देश अनि देश बासिले कहिल्यै नभुलुन ।

**जय देश ॥**

**अजिंता भुजेल**

## ओमिक्रोन

फेरि आयो ओमिक्रोन लिएर हाहाकार
हामि ह्यान्डसेक हैन गरौ नमस्कार
वैकल्पिक प्रणलिले त राम्रै गऱ्या छ ।
ईन्टरनेटको शुल्क वृद्धिले चाई गर्नुगऱ्या छ ।
सक्छौ भने ए सरकार शुल्क घटाउ
टोल टोलमा मास्क हैन सुविधा विस्तार गर,
न्ेटवर्कको समस्यामा पनि विचार गर,
दुर्गम का ठाउमा सुगम जस्तै सुविधा कार्यान्वयन गर ।
टावर नै नटिप्ने ठाउमा कठै ति बालबालिका
के गर्ने होलान
अन्लाईन पढ्छन कि भेडिगोठ धाउलान
संक्रमण भए चारैतिर हुने हैन र
शभा सम्मेलन गर्नेलाई चाई छुदैन र
सधै यस्तै हुने हो भने विचार गर्नु पर्छ
एक घर एक रोजगार भने झै
एक व्यक्ति एक चस्मा बितरण गर्नुपर्छ ।
अब अरुले भन्नु भन्दा आफै सचेत हुनुपर्छ ।

**अजिंता भुजेल**

आशाको किरण लिएर आउछौ ।
अनि सपनाको दियो बालेर ल्याउछौ ॥
घामको न्यानो पाईलाहरु सगैं ।
नयाँ नयाँ संसार खोजेर ल्याउछौ ॥
को हौ तिमि भन्नेहरुलाई ।
अलग्गै पहिचान दिएर जान्छौ ॥
गर्ने के होर सोच्नेहरुलाई ।
बद्लेर सोच साथमा लिएर आउछौ ॥
हामि आशाको दियो बनलेर आउछौ ।
बद्लेर सोच साथमा सलएर आउछौ ॥

**रमा कार्की**





## अटिजम

बौद्धिक बालबालिकामा हुने विभिन्न प्रकारमध्ये अटिजम एक हो । अटिजम वा अटिजम स्पेक्ट्रम डिसअडर (ADS) अन्तरक्रियात्मक क्षमता, सुस्तअभ्यास, बोली र गैर मौखिक संचार सँग कठिनाईहरु द्वारा वणिर्त अवस्था हो । यो एक वृस्तृत दायरा मा संदर्भित छ । अटिजम वंशिक र वातवराणियकारकहरुको संयोजन सँग सम्बन्धित छ । अटिजममा जानकारी प्रशोधनमा असर पर्छ । मस्तिक र स्नायु कोशिकाहरु र तिनीहरुको सिनेप्सहरु जडान र व्यवस्थित हुन्छन् । उच्चकार्यकारी अटिजम भएका बालबालिकाहरु गैर अटिस्टीक साथीहरुको तुलनामा धेरै तिब्र र बारम्बार एक्लोपन हुन्छन् । अटिस्टीक मानिसहरुको दैनिक संचार आवश्यक्ताहरु पुरा गर्न प्रयाप्त प्राकृतिक बोलीको विकास गर्दैनन् । व्यवहार, मनोवैज्ञानिकतम शिक्षा वा सिप निर्माण हस्तक्षेपहरु अटिस्टीक मनिसलाई स्वतन्त्र रुपमा बाच्नका लागी आवश्यक जीवन सिपहरु साथै अन्य सामाजिक, सञ्चार र भाषासिपहरु सिक्न मद्धत गर्न सकिन्छ । थेरापीले चुनौतीपुर्ण व्यवहारलाई कम गर्न र बलहरु निमार्ण गर्न लक्ष्य पनि राख्छ । प्राय प्रयोग गरिने शैक्षिक हस्तक्षेपहरुमा व्यवहारिक व्यवहार विश्लेषण विकासात्मक मोडेलहरुमा संरचित शिक्षण भाषा थेरापी, सामाजिक सिप थेरापी र व्यवसायिक उपचार र बौद्धिक विना वयस्कहरुमा संज्ञात्मक व्यवहार हस्तक्षेपहरु समावेश छन् । अटिस्टिक बच्चाहरुको उपचार गर्दा मुख्य लक्षहरु सम्बन्धित घाटा र पारिवारिक संकट कम गर्न र जीवनको गुणस्तर र कार्यत्मक स्वतन्त्रता बढाउनु हो । सामान्यतया उच्च IQ उपचार र सुधारिएको उपचार परिणमहरुको लागी अधिक प्रतिकृया सँग सम्बन्धित छन् । कुनै एकल उपचार उत्तम हुँदैन र उपचार सामान्य तया बच्चाको आवश्यक्ता अनुसार बनाईन्छ । परिवार र शिक्षा प्रणाली उपचारका लागी मुख्य स्रोत छन् ।

**देव कुमारी घिमिरे**

## आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्र



सि आशा फाउण्डेशन द्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्र एक प्रदेश एक विशेष विद्यालय अभियान अनुसार बाग्मति प्रदेशको मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका ६ गौरिटारमा वि. स. २०६९ सालमा श्री आईना वार्काले शारिरीक तथा बौद्धिक अपांगता भएका बालबालिकालाई विशेष शिक्षा अध्ययन अध्यापन, आवाश सुविधा तथा पुर्नस्थापना, गराउने उद्देश्य सहित आशा विशेष पुर्वव्यवसायिक तालिम केन्द्रको स्थापना गरि विशेष क्षमता भएका शारिरीक तथा बौद्धिक अपांगता भएका बालबालिकालाई सेवा प्रदान गर्न शुरु गरियो । हाल यस विद्यालयमा १८ जना विद्यार्थिले सेवा लिईरहेका छन् त्यस्तै यस विद्यालयमा शारिरीक तथा बौद्धिक अपांगता भएका बालबालिकाको बढ्दो चापलाई मध्यनजर गर्दै श्री आईना वार्का न्यौपानेले विभिन्न समाजसेवि, स्थानिय निकाय, स्वदेशि तथा विदेशि चन्दादाताको पहलमा विद्यालय विस्तार गर्दै वि. स. २०७४ मा हेटौडा उपमहानगरपालिका ७ हारयालि टोल आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रको स्थापना गरि सेवा सुचारु गरियो हाल यस विद्यालयमा ३० जना विद्यार्थिले सेवा लिईरहेका छन् । यसैगरि बाग्मति प्रदेशको ललितपुर २ सानेपामा वि. स. २०७७ मा आशा विशेष पाठशाला तथा आशा पुर्वव्यवसायिक तालिम केन्द्रको स्थापना गरि काठ्मान्डौ, भक्तपुर ललितपुर तथा अन्य जिल्लाका व्यक्तिहरुलाई लक्षित गरि पुर्वव्यवसायिक तालिम तथा शिक्षा दिने उद्देश्यले विद्यालय तथा तालिम केन्द्र सञ्चालन सुचारु गरिएको हो । हाल यस विद्यालयमा २४ जना विद्यार्थिहरुले सेवा लिईरहेका छन् । यसै गरि मधेश प्रदेशको महोत्तरि जिल्लाको बर्दिबासमा पनि विद्यालय सञ्चालनको लागि प्रक्रिया शुरु गरि प्रदेश सरकार र नगरपालिकाले जग्गा उपलब्ध गराएको हुदा हाल उक्त जग्गामा सि आशा फाउण्डेशनले कम्पाउण्ड वालको काम सम्पन्न गरिसकेको र अन्य कार्य प्रक्रियाहरु अघि बढाईरहेको छ । यसरि नै सि आशा फाउण्डेशनले एक प्रदेश एक विशेष विद्यालयको अभियानलाई सफल पार्नको लागि अन्य प्रदेशमा पनि कार्य अघि बढाउने तयारि गरिरहेको छ ।

## आत्मनिर्भरता तर्फ एक कदम अगाडि



सि आशा फाउण्डेशन द्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रका १८ वर्ष उमेर माथिका विद्यार्थिहरुको रुचिलाई ध्यानमा राखि उनिहरुलाई माघे संग्रान्तिको विशेषता सहित व्यवसायिक रुपमा कसरि अघि बढ्न सकिन्छ र कसरि आत्मनिर्भर हुन सकिन्छ भन्ने कुराको शिक्षा दिने उद्देश्यले विद्यालयमा कार्यरत शिक्षिकाहरुले यस वर्षको माघे संग्रान्तिमा तिलको लड्डु, भुजा लड्डु र चाकु बनाएर अभिभावक तथा आफ्ना आफन्त छरछिमेकमा रहेका व्यक्तिहरुलाई विक्रि गरि व्यवसायिक रुपमा आत्मनिर्भरता तर्फ एक कदम बढाएका छन् । हेटौडा तथा काठमान्डौ दुबै विद्यालयमा अध्ययनरत १८ वर्ष माथि उमेर समुहका युवाहरुलाई सिप सिकाउने र दक्ष बनाउने उद्देश्य सहित शिक्षिकाहरुले पहिलो प्रयास स्वरुप माघे संग्रान्तिमा तिलको लड्डु, भुजा लड्डु र चाकु बनाएका हुन । उनिहरुले आट जागंर र हौशला भए थोरै लगानिमा पनि व्यवसायिक रुपमा आत्मनिर्भर बन्नको लागि सुरुवात गर्न सकिन्छ भन्ने कुरालाई सावित गरेका छन् । यसरि आफ्नै बालबालिकाले बनाएको तथा आफ्ना बालबालिका अध्ययनरत विद्यालयका शिक्षिकाहरुले गरेको व्यवसायिक कार्य हौसला प्रदान गर्दै सम्पुर्ण अभिभावकहरुले खरिद बिक्रिमा सहयोग गर्नुभएको थियो, आगामि दिनमा पनि आफ्नो तर्फबाट यथासक्य साथ सहयोग प्रदान गर्ने बताउनुभएको छ । शूरुवाति वर्ष भएता पनि यस वर्षको माघे संग्रान्तिमा आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले तिलको लड्डु २१०, भुजा लड्डु १८० र चाकु २०० पाकेट बनाई बिक्रि गर्न सफल भएको थियो । विद्यालयमा अध्ययनरत बौद्धिक तथा शारिरीक अपागंता भएका बालबालिका तथा युवाहरुलाई नेपालि विविध सांस्कृतिक चाडपर्वको महत्व बारे जानकारि गराउने उद्देश्य सहित बालबालिका एवम् युवाहरुलाई आत्मनिर्भरता तर्फ अघि बढाउनको लागि विद्यालयमा यस्ता गतिविधि सञ्चालन गरिएको हो ।